# बान्नीगढी जयगढ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, अछाम

## विनयोजन ऐन

बान्नीगढी जयगढ गाउँपालिका, अछाम को आर्थिक बर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति : २०८०/०३/३०

**प्रस्तावना :** बान्नीगढी जयगढ गाउँपालिका, अछाम २०८०/८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम बान्नीगढी जयगढ गाउँपालिका, अछामको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "बान्नीगढी जयगढ गाउँपालिका, अछामको विनियोजन ऐन, " रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८०/८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१)आर्थिक वर्ष २०८०/८१को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ४०,०९,०२,९००.०० (अक्षेरुपी रुपैयाँ चालिस करोड नौ लाख दुइ हजार नौ सय मात्र| ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ . **विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/८१को निमित्त बान्नीगढी जयगढ गाउँपालिका, अछामको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

# बान्नीगढी जयगढ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, अछाम

### स्रोत मिलान

आ.व. : २०८०/८१

| SN | स्रोत समूह | बजेटको स्रोत/तह | स्रोत | विधि | अनुमानित आय | अनुमानित व्यय | फरक |
|---|---|---|---|---|---|---|---|
| | १ संघीय सरकार,नेपाल सरकार ,१३३११-समानिकरण अनुदान, नगद अनुदान | | | | ७,८१,००,०००.०० | ७,८१,००,०००.०० | ०.०० |
| १.१ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ७,८१,००,०००.०० | ७,८१,००,०००.०० | ०.०० |
| | २ संघीय सरकार,नेपाल सरकार ,१३३१२-शसर्त अनुदान चालु, नगद अनुदान | | | | १८,११,००,०००.०० | १८,११,००,०००.०० | ०.०० |
| २.१ | संघीय सरकार | नेपाल सरकार | शसर्त अनुदान चालु | नगद अनुदान | १६,५७,००,०००.०० | १६,५७,००,०००.०० | ०.०० |
| २.२ | बैदेशिक श्रोत | आई डि ए | वैदेशिक ऋणको प्राप्ति | सोधभर्ना हुने ऋण (बैदेशिक) | ४६,००,०००.०० | ४६,००,०००.०० | ०.०० |
| २.३ | बैदेशिक श्रोत | एस.इ.एस.पी. | बैदेशिक अनुदान | सोधभर्ना अनुदान (बैदेशिक) | ३६,००,०००.०० | ३६,००,०००.०० | ०.०० |
| २.४ | बैदेशिक श्रोत | एस.इ.एस.पी. | बैदेशिक अनुदान | सोधभर्ना हुने ऋण (बैदेशिक) | ६२,००,०००.०० | ६२,००,०००.०० | ०.०० |
| २.५ | बैदेशिक श्रोत | युरोपियन युनियन | बैदेशिक अनुदान | नगद अनुदान (बैदेशिक) | १०,००,०००.०० | १०,००,०००.०० | ०.०० |
| | ३ संघीय सरकार,नेपाल सरकार ,१३३१३-शसर्त अनुदान पुँजीगत, नगद अनुदान | | | | ५६,००,०००.०० | ५६,००,०००.०० | ०.०० |
| ३.१ | संघीय सरकार | नेपाल सरकार | शसर्त अनुदान पुँजीगत | नगद (आन्तरिक ऋण) | ५४,००,०००.०० | ५४,००,०००.०० | ०.०० |
| ३.२ | बैदेशिक श्रोत | आई डि ए | वैदेशिक ऋणको प्राप्ति | सोधभर्ना हुने ऋण (बैदेशिक) | २,००,०००.०० | २,००,०००.०० | ०.०० |
| | ४ संघीय सरकार,नेपाल सरकार ,१३३१५-विषेश अनुदान पुँजीगत, नगद अनुदान | | | | १,००,००,०००.०० | १,००,००,०००.०० | ०.०० |
| ४.१ | संघीय सरकार | नेपाल सरकार | विषेश अनुदान पुँजीगत | नगद (आन्तरिक ऋण) | १,००,००,०००.०० | १,००,००,०००.०० | ०.०० |
| | ५ संघीय सरकार,नेपाल सरकार ,१३३१७-समपुरक अनुदान पुँजीगत, नगद अनुदान | | | | ७०,००,०००.०० | ७०,००,०००.०० | ०.०० |
| ५.१ | संघीय सरकार | नेपाल सरकार | समपुरक अनुदान पुँजीगत | नगद (आन्तरिक ऋण) | ७०,००,०००.०० | ७०,००,०००.०० | ०.०० |
| | ६ प्रदेश सरकार,सुदुर पश्चिम प्रदेश ,१३३११-समानिकरण अनुदान, नगद अनुदान | | | | ६१,५८,०००.०० | ६१,५८,०००.०० | ०.०० |
| ६.१ | प्रदेश सरकार | सुदुर पश्चिम प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ६१,५८,०००.०० | ६१,५८,०००.०० | ०.०० |
| | ७ प्रदेश सरकार,सुदुर पश्चिम प्रदेश ,१३३१३-शसर्त अनुदान पुँजीगत, नगद अनुदान | | | | ५१,५०,०००.०० | ५१,५०,०००.०० | ०.०० |
| ७.१ | प्रदेश सरकार | सुदुर पश्चिम प्रदेश | शसर्त अनुदान पुँजीगत | नगद अनुदान | ५१,५०,०००.०० | ५१,५०,०००.०० | ०.०० |
| | ८ राजस्व बाडफाड,राजस्व बाँडफाँड - प्रदेश सरकार ,१००२०-राजस्व बाँडफाँड, नगद | | | | १५,७६,०००.०० | १५,७६,०००.०० | ०.०० |
| ८.१ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | १५,७६,०००.०० | १५,७६,०००.०० | ०.०० |
| | ९ राजस्व बाडफाड,राजस्व बाँडफाँड - संघीय सरकार ,१००२०-राजस्व बाँडफाँड, नगद | | | | ७,२२,१८,९००.०० | ७,२२,१८,९००.०० | ०.०० |
| ९.१ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ७,२२,१८,९००.०० | ७,२२,१८,९००.०० | ०.०० |
| | १० अन्तरिक श्रोत,आन्तरिक श्रोत ,१००१०-आन्तरिक श्रोत, नगद | | | | ३,४०,००,०००.०० | ३,४०,००,०००.०० | ०.०० |
| १०.१ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३,४०,००,०००.०० | ३,४०,००,०००.०० | ०.०० |
| | | | | जम्मा | ४०,०९,०२,९००.०० | ४०,०९,०२,९००.०० | ०.०० |

टेक बहादुर साउद
अध्यक्ष